# आकस्मिक कोष, मर्मत सम्भार तथा पुनर्निर्माण कोष तथा आर्थिक सहायता वितरण कोषबाट कार्यक्रम सञ्चालन तथा सहायता वितरण मापदण्ड, २०७४

नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०७४।०८।२६
प्रथम संशोधन मिति : २०७५।०३।२५

छाँयानाथ रारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गमगढी, मुगु ।

छाँयानाथरारानगरपालिका

# आकस्मिक कोष, मर्मत सम्भार तथा पुननिर्माण कोष तथा आर्थिक सहायता वितरण कोषबाट कार्यक्रम सञ्चालन तथा सहायता वितरण मापदण्ड, २०७४

नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०७४।०८।२६
प्रथम संशोधन मिति : २०७५।०३।२५

१.आकस्मिककोषबाट खर्च :

१.१उद्धार तयारी तथा व्यवस्थापन :

क प्राकृतिक प्रकोपका घटनाहरुमा उद्धार तथा राहतको मुख्य जिम्मेवारी नगर कार्यपालिका अन्तरगत निर्मित वातावरण तथा विपद व्यवस्थापन समितिको रहने छ ।

ख वातावरण तथा विपद व्यवस्थापन समितिले खोज तथा उद्धारको लागि आवश्यक सामग्रीको भण्डारणको व्यवस्था गरी जुनसुकै क्षेत्रमा प्रकोप आएका बखत आवश्यकता अनुसार तत्काल राहत उपलब्ध पुर्याउने व्यवस्था मिलाउने । यसका लागि खोज तथा उद्धार सामग्री नगरपालिका तथा वडास्तरमाभण्डारणको व्यवस्था गर्ने ।

ग स्थानीय स्तरका प्रकोपको प्रकृतिको पहिचान गरी सो बाट पीडितहरुको खोजी र उद्धार गर्ने कार्यको लागि दक्ष र तालिम प्राप्त जनशक्ति विकास गर्दै जानको लागि वातावरण तथा विपद व्यवस्थापन समितिले आवश्यक योजना तर्जुमा गरी नगर कार्यपालिकामा पेश गर्ने । तालिम प्राप्त जनशक्तिको र प्रकोपको समयमा राहतको छरितो व्यवस्थाको लागि खोज र उद्धार सामग्रीहरुको लगत अद्यावधिक गर्नुका साथै आपतकालिन खाद्यान्न एवं लत्ताकपडाका भण्डारणको व्यवस्था गर्ने ।

घ खोज र उद्धार कार्यको लागि १४ वटै वडाहरुमा वातावरण तथा विपद व्यवस्थापन समिति मातहतमा खोज र राहत उद्धार सामग्रीहरुको भण्डारण गरी राख्ने व्यवस्था मिलाउने ।

ङ आकस्मिक कोषमा रु. १०,००,०००।– न्यूनतम मौज्दात कायम राख्ने व्यवस्था प्रमुख प्रशासकिय अधिकृतले गर्ने ।

च सामाजिक एवं गैरसरकारी संघ संस्थाहरुको समेत सहयोग लिइ प्रकोप व्यवस्थापन सम्बन्धि जनचेतना अभिवृद्धि गर्ने काम नगरपालिका तथा वडास्तरमा गर्ने ।

छ प्रकोपको समयमा विस्थापित परिवारहरुलाई सुरक्षित स्थानमा राखी शिविर संचालन गर्न वातावरण तथा विपद व्यवस्थापन समितिले सम्भव भएसम्म विद्यालय, स्वास्थ्य केन्द्र बाहेक पहिचान गरिएका खुला क्षेत्रहरु प्रयोग गर्ने ।

ज खोज तथा उद्धारका लागि आउने केन्द्र, प्रदेश, अन्य स्थानीय तह तथा स्वदेशी तथा विदेशी टोलीलाई सहयोग गराउने तथा समुचित प्रबन्ध वातावरण तथा विपद व्यवस्थापन समितिले गर्ने ।

छाँगानारायणपालिका

१.२ राहत तथा उद्दार :

क रकम उपलब्ध गराउँदा वातावरण तथा विपद व्यवस्थापन समितिको सिफारिसमा नगर कार्यपालिकाको निर्णयबाट उपलब्ध गराउने वा नगर कार्यपालिकाले आवश्यकता अनुरुप अख्तियार प्रत्यायोजन गरेको व्यक्ति वा समितिबाट,

ख प्रकोपका घटनामा परी कुनै व्यक्तिको मृत्यु भएको रहेछ भने राहत स्वरुप प्रति मृतकरु. ३५०००।– (पैँतिस हजार रुपैँया) का दरले मृतकका परिवारलाई सहयोग उपलब्ध गराउने ।

ग विपदको कारणले बसोबास गर्दै आइरहेको घर पूर्ण रुपमा नष्ट भइ/ विस्थापित भई तत्काल जीवन गुजारा चल्न सक्ने अवस्था नरहेको खण्डमा रु.१००००।- (दश हजार रुपैँया) सम्म, आंशिक नष्ट भएमा रु.५०००।- (पाँच हजार रुपैँया) सम्म तथा पशु चौपाया समेतको गोठ नष्ट भएमा रु.३०००।- (तीन हजार रुपैँया) सम्म राहत सहयोग उपलब्ध गराउने । लगाएको खाद्यान्न बाली तथा उब्जाउ जग्गा जमिन वा पसल व्यवसाय समेत प्रकोपमा परी ठूलो क्षती भएको खण्डमा रु.५०००।- (पाँच हजार रुपैँया) सम्म प्रति परिवार राहत सहयोग उपलब्ध गराउने ।

घ प्रकोपका घटनामा परी घाइते हुनेहरुलाई सरकारी अस्पतालमा उपचार गराउँदा अस्पतालबाट घर जान आर्थिक सहयोग स्वरुप प्रतिव्यक्ति रु. १५०० (एक हजार पाँच सय रुपैँया) सम्म यातायात खर्च दिने ।
(तर गैर प्राकृतिक विपद्को हकमा मदिरा सेवन गरेको तथा न्यूनतम सावधानी नअपनाइएको भनी प्रहरी वा स्वास्थ्य संस्थाको मुचुल्काबाट देखिन आएमा राहत उपलब्ध गराइने छैन ।)

२.मर्मत सम्भार तथा पुननिर्माण कोषबाट खर्च :

क सर्वसाधारणको दैनिक जीवनयापनमा महत्वपूर्ण प्रभाव पार्ने र तत्कालै निर्माण गर्न आवश्यक भौतिक पूर्वाधार निर्माण कार्यको लागि नगर कार्यपालिकाको निर्णयबमोजिम गर्ने,

ख प्राकृतिक वा गैर प्राकृतिक कारणबाट क्षेति भएका भौतिक संरचना, सार्वजनिक सम्मत्तिहरुको मर्मत संभार तथा पुननिर्माण गर्ने,

ग प्राकृतिक प्रकोपको अत्यधिक जोखिम क्षेत्रमा रहेका घरपरिवारलाई सम्भावित खतराबाट जोगिन अन्यत्र सर्नुपर्ने वा विस्थापित भई सुरक्षित स्थानमा नयाँ आश्रयस्थल निर्माण गरी व्यवस्था गर्नुपर्ने अवस्थाका परिवारलाई प्रतिपरिवार रु. २००००।- (बीस हजार रुपैँया) सम्म आर्थिक सहयोग उपलब्ध गराउने । यस्तो सहयोग वातावरण तथा विपद व्यवस्थापन समितिले आवश्यक छानविन गरी पेश गरेको प्रतिवेदनको आधारमा बैठकबाट निर्णय गराएर मात्र दिने ।

३. आर्थिक सहायता कोषबाट खर्च :

क गैर प्राकृतिक कारणले घटेका अकल्पनीय दुर्घटनाहरुमा परी ज्यान गुमाएकाहरुको परिवार, अंगभंग भएका पीडित तथा दुर्घटनाको कारणबाट दीर्घरोगी भएकाहरुलाई घटना प्रकृतिको गम्भीरताका आधारमा रु.३००००।- (तीस हजार रुपैँया) सम्म राहत सहयोग उपलब्ध गराउन सकिने । साथै cancer, liver damage, kidney damage(transplant), brain tumor, heart related diseases, spinal cordतथा गम्भिर रोग लागेर आफू पूर्ण रुपमा असक्त भइ दोस्रो व्यक्तिमाथी आश्रीत हुने गरी रोग लागेमा उपचारार्थ गम्भीरताका आधारमा रु.३००००।- (तीस हजार रुपैँया) सम्म राहत सहयोग उपलब्ध गराउन सकिने ।

ख गर्भवती अवस्थामा रहेका महिलाहरुको प्रसुतिकार्य मुगु जिल्लाका स्वास्थ्य संस्थाहरुमा हुन नसकी तत्काल अन्य स्थानमा लैजानको लागि अन्या यातायातका साधन उपलब्ध नभइ हवाइ माध्यमबाट लैजानु पर्ने अवस्थामा गर्भवति महिलालाइ यातायात खर्च बापत रु. २००००/- (बीस हजार रुपैया) आर्थिक सहयोग गर्न सकिने ।

४. विविध :

छ प्रकोपको समयमा पीडित परिवारहरुलाई सुरक्षित स्थानमा राखी शिविर संचालन गर्नु पर्ने अवस्था भएमा वातावरण तथा विपद व्यवस्थापन समितिले तत्काल नगर कार्यपालिकाको कार्यालय, जिल्ला प्रशासन कार्यालय, प्रदेश तथा केन्द्र सरकारसँग सम्पर्क गरी आवश्यक व्यवस्था मिलाउने ।

ज प्रकोपमा परी खाद्यान्न वा थप आर्थिक सहायता उपलब्ध गराउनु पर्ने परिवारका परिवार संख्या समेत खुलेको लगत घटना हुने वित्तिकै नगर कार्यपालिकाको कार्यालयमा पठाउने ।

झ पीडितहरुलाई राहत वितरण गर्दा विपद तथा वातावरण समिति वा नगरपालिका कार्यालयबाट राहत उपलब्ध गराउने । यसरी राहत वितरण गर्दा सम्भव भएसम्म नगरपालिकाका जनप्रतिनिधिहरुको उपस्थितिमा वितरण गर्नुपर्नेछ ।

ञ साथै विशेष परिस्थितिको सिर्जना भएको अवस्थामा थप सहायता उपलब्ध गराउनु पर्ने देखिएमा वातावरण तथा विपद व्यवस्थापन समितिले गाउँ कार्यपालिकालाई जानकारी गराई कार्यपालिका मार्फत प्रदेश तथा केन्द्र सरकार तथा सरोकारित गैरसरकारी संस्थाहरुसँग सहयोग आह्वान गर्ने ।

ट प्रकोपका पीडितहरुलाई पुनःस्थापन तथा पुनःनिर्माणका लागि प्रचलित नीति तथा कानुन बमोजिम सरोकारित निकायहरुसँग समन्वय गरी सहुलियत दरमा काठ उपलब्ध गराउनको लागि पहल गर्ने ।

ठ भूकम्प, बाढी-पहिरो, आगलागि, असिनापानी, हुरी बतास, चट्याङ्, शीतलहर, हिमपातका साथै प्रकोपका कारणबाट भएको हवाई, सडक एवं डुङ्गा दुर्घटनाबाट प्रभावित पीडितहरुलाई मात्र राहत सहयोग उपलब्ध गराउने ।

ड राहत तथा उद्धार कार्य सञ्चालन गर्नुपर्ने विशेष परिस्थितिमा विविध खर्चका लागि रु. ५०००।- (पाँच हजार रुपैँया) वातावरण तथा विपद व्यवस्थापन समितिको सिफारिसमा कार्यपालिकाको निर्णयानुसार नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतले खर्च गर्न सक्ने ।

ढ निर्धारित मापदण्ड बमोजिम राहत उपलब्ध गराउँदा वातावरण तथा विपद व्यवस्थापन समितिले घटना भएको ३० (तीस) दिन भित्र सूचना प्राप्त भएको घटनाका लागि मात्र राहत उपलब्ध गराउने व्यवस्था गर्ने ।

५. सूचना व्यवस्थापन, अनुगमन र मुल्याङ्कन

क नगरपालिकाको वेभसाटमा विपद व्यवस्थापन सम्बन्धि पोर्टल व्यवस्था गर्ने ।

ख नगरपालिकामा आपतकालिन कार्य सञ्चालन वातावरण तथा विपद व्यवस्थापन समितिले तथा वडामा वडा समितिले तथ्याङ्क अद्यावधिक गर्ने र वार्षिक रुपमा प्रकाशन गरी सार्वजनिक गर्ने ।

ग नगरपालिकाको वातावरण तथा विपद व्यवस्थापन समितिले वा वडा समितिले प्रकोप व्यवस्थापनका क्षेत्रमा गरेका कामहरुको आवश्यकता अनुसार सुपरीवेक्षण गर्न टोली खटाइ प्रतिवेदन लिने ।

घ प्रकोप पीडित उद्धार एवं राहत व्यवस्थापन कार्यमा विशेष सक्रियता पूर्वक कार्य गर्ने समाजसेवी, राजनीतिक व्यक्ति, व्यवसायी, सामाजिक संघ- संस्था एवं राष्ट्र सेवक कर्मचारीहरुलाई वातावरण तथा विपद व्यवस्थापन समितिको सिफारिसमा नगरकार्यपालिकाले उचित सम्मान एवं पुरस्कारको व्यवस्था मिलाउने ।

छाँयानाथरारा नगरपालिका